## खत्याड गाउँपालिकाको विनियोजन ऐन, २०८२

**प्रस्तावना**

खत्याड गाउँपालिकाको आ.व.२०८२/८३ को सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खत्याड गाउँपालिकालको सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम प्रारम्भः

१. यस ऐनको नाम **"खत्याड गाउँपालिकाको विनियोजन ऐन,२०८२"** रहेको छ ।

२. यो ऐन संवत २०८२ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

३. आर्थिक वर्ष २०८२/०८३ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

१. आर्थिक वर्ष २०८२/०८३ को लागि गाउँकार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु.६४,८८,८१,३९६।-(अक्षरेपी चौसट्ठी करोड अठासी लाख एकासी हजार तिन सय छयानब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. विनियोजनः

१. यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने र आर्थिक वर्ष २०८२/०८३ को लागि गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि विनियोजन गरिएको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुन जाने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकको जम्मा रकमको १० प्रतिशत नबढाउने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा रकमान्तर गरी निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजन रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा वित्तिय व्यवस्था तर्फ विनियोजन रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तरगत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । साथै यसरी रकमान्तर गर्दा चालु खर्च शिर्षकबाट पूँजिगत खर्चमा रकमान्तर गर्न सकिने छ भने पूँजिगत खर्च शिर्षकबाट चालु खर्च शिर्षकमा रकमान्तर गर्न सकिने छैन तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

३. उपदफा २ मा जुनसुकै कुरा लेखीएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनुपर्नेछ ।

### अनुसूची १

**दफा २ सँग सम्बन्धित**

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम

### स्थानीय सञ्चित कोषबाट विनियोजित हुने रकम

| क्र.स. | विवरण | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | निशर्त अनुदान | गाउँ कार्यपालिका | ८,०७०,०००.०० | ० | ० | ८,०७०,०००.०० |
| | | वडा समिति शाखा | ० | ० | ० | ० |
| | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| | | लगानी (सेयर/ऋण) | ० | ० | ० | ० |
| २ | संघिय शसर्त अनुदान | गाउँ कार्यपालिका | २५३,६००,०००.०० | ४५,१००,०००.०० | | २९८,७००,०००.०० |
| | | वडा समिति शाखा | ० | ० | | - |
| | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | | - |
| | | लगानी (सेयर/ऋण) | ० | ० | | - |
| ३ | संघीय समपुरक अनुदान | गाउँ कार्यपालिका | ० | १३,५००,०००.०० | | १३,५००,०००.०० |
| ४ | संघीय विशेष अनुदान | गाउँ कार्यपालिका | १६,५००,०००.०० | ० | | १६,५००,०००.०० |
| ५ | संघीय समानिकरण अनुदान | गाउँ कार्यपालिका | २७,९७९,०००.०० | ८१,९२१,०००.०० | | १०९,९००,०००.०० |
| ६ | राजस्व बाँडफाड संघीय | गाउँ कार्यपालिका | ११२,०२१,०००.०० | ० | | ११२,०२१,०००.०० |
| ७ | प्रदेश शसर्त अनुदान | गाउँ कार्यपालिका | २,६४४,०००.०० | ३०,५००,०००.०० | | ३३,१४४,०००.०० |
| ८ | प्रदेश समानिकरण अनुदान | गाउँ कार्यपालिका | १४,४५४,०००.०० | ० | | १४,४५४,०००.०० |
| ९ | प्रदेश समपुरक अनुदान | गाउँ कार्यपालिका | ० | १२,८००,०००.०० | | १२,८००,०००.०० |
| १० | प्रदेश विशेष अनुदान | गाउँ कार्यपालिका | ८,०००,०००.०० | ० | | ८,०००,०००.०० |
| ११ | राजस्व बाँडफाड प्रदेश | गाउँ कार्यपालिका | १,७९२,३९६.०० | ० | | १,७९२,३९६.०० |
| १२ | सञ्चित कोषमा मौज्दात रकम | गाउँ कार्यपालिका | २०,०००,०००.०० | ० | | २०,०००,०००.०० |
| **जम्मा रु.** | | | **४६५,०६०,३९६.००** | **१८३,८२१,०००.००** | | **६४८,८८१,३९६.००** |